प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, अर्घाखाँची
सन्धिखर्क, नेपाल

E-mai:l akcarghakhanci@gmail.com
website: www.akcarghakhanchi.gov.np
फोन नं. ०७७-४२०१२६

# प्रस्ताव आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७८।०६।०५**

चालू आ.व. २०७८/७९ मा यस केन्द्रको स्वीकृत बार्षिक कार्यक्रम अनुसार बीउ आत्मनिर्भर कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक बिउ विजनको क्षेत्रमा कार्य गर्न सक्ने कृषक/समुह/फार्म/सहकारी संस्थाहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७८।०६।१९ गते भित्र) यस केन्द्रमा तपशिलको विवरण पेश गरी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।साथै कार्यक्रमको बजेट तथा कार्यविधि परिवर्तन/संसोधन भई आएमा सोही बमोजिम हुनेछ ।

तपशिल

| क्र. स. | कार्यक्रमको नाम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलाप | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | अनुदान रकम बढीमा |
|---|---|---|---|---|---|
| १ | बीउ आत्मनिर्भर कार्यक्रम<br>क) खाद्यान्न/दलहन/तेलहन<br>ख) तरकारी बाली | बीउ आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्नुपर्ने न्युनतम क्षेत्रफल तथा लक्ष्य विवरण सम्वन्धि।<br>(तालिका तल)<br>– एकल वा समुहिक बीउ उत्पादन गर्न सकिने तर सामुहिक बीउ उत्पादनमा क्लष्टरमा सहयोग गर्न सकिने ।<br>– स्रोत बीउको रुपमा प्रमाणित, मुल वा स्रोत वा लेवल बीउमा लेवल लगाई बिक्री गर्नुपर्ने ।<br>– बीउ बिजन कारोबार अनुमति पत्र लिएको संस्था वा सो संस्थाको समन्वयमा बीउ उत्पादनमा संलग्न हुनुपर्नेछ ।<br>– प्रविधिक रुपमा उपयुक्त नभएको बालि तथा स्थानका प्रस्तावहरु छनौट प्रकृयामा समाबेस हुनेछैन । | उत्पादन सामाग्रीः स्रोत बीउ, सूचिकृत, प्राङ्गारिक मल, विषादी, शुक्ष्मत्व, – प्याकेजिङ्ग सामाग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र आदि उपकरणहरु । | जिल्ला भरी । | तरकारी बीउ उत्पादनमा प्रति हेक्टर अधिकतम रु एक लाख र खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति हेक्टर अधिकतम रु ६० हजार अनुदान दिईने । |

| बिजबृद्धि | सञ्चालन गर्नुपर्ने न्युनतम क्षेत्रफल (रोपनी) | बार्षिक तथा चौमासिक लक्ष्य (हेक्टरमा) | | | |
|---|---|---|---|---|---|
| | | बार्षिक | प्रथम | दोस्रो | तेस्रो |
| तरकारी | २ | १० | ४ | ४ | २ |
| दलहन/तेलहन | २० | २५ | ८ | ९ | ८ |
| खाद्यान्न बीउ | ६० | | | | |

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरुको विवरण</u>

१. प्रस्तावकको संकल निवेदन,

(हस्ताक्षर)
रामशिला प्रसाद विश्वकर्मा
प्रमुख
(… दशौ तह)

२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी,

३. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,

४. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

५.कार्यक्रम सञ्चालनको लागि कार्ययोजना र प्रविधिक लागत अनुमान सहितको प्रस्ताव,

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्ने ब्यहोराको निर्णय प्रतितिपि,

८. निवेदक लगाएत कार्यसमितिका पदाधिकारीहरुको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी,

९.कार्यक्रम सञ्चालनको लागि जग्गा धनी प्रमाण-पुर्जाको प्रतितिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा दुई वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपी ।

नोटः थप जानकरीको लागि कृषि ज्ञान केन्द्र, अर्घाखाँचीमा सम्पर्क राख्हुन वा कार्यालयको फोन नं. ०७७-४२०१२६ र मो नं. ९८५७०६३९२६/९८४४७२९४५०/९८४०४९३६४४ मा सम्पर्क राख्हुन अनरोध गरिन्छ । साथै अनुसची वमोजिमका कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा कृषि ज्ञान केन्द्र, अर्घाखाँची website www.akcarghakhanchi.gov.np मा प्राप्त गर्न सक्नुहने छ ।

रामजितन प्रसाद विश्वकर्मा
(... तह)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
... निर्देशनालय
...र्घाखाँची